# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७७/११/१४

### सातौं अधिवेशन

### (पाँचौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय उपसभामुख निर्मला बडाल जोशी**

यस सभाको सातौं अधिवेशनको पाँचौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**माननीय सदस्यहरु,**

समसामयिक विषयमा बोल्नको लागि विशेष समय माग भई आएकोले सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ को उपनियम (१) बमोजिम विशेष समय निर्धारण गरेको छु ।

**विशेष समयमा बोल्न माननीय कर्ण बहादुर मल्ललाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, सर्व प्रथम विशेष समयका लागि धन्यवाद दिन चाहान्छु र नेपालको राजनितिक परिवर्तनको इतिहासमा पहिलो पटक नेपाली जनताले जननिर्वाचित संसद २०१६ सालमा आएको थियो र २०१७ साल पुष १ गते त्यो संसद तत्कालिन अवस्थाको शासकहरुको मनोवृत्तिका कारण मृत्यूवरण गराइएको थियो त्यो इतिहास भैसक्यो हाम्रा अगाडी २०४६ सालको परिवर्तन पश्चात २०५१ सालमा तत्कालिन सम्माननीय प्रधामन्त्री मनमोहन अधिकारीज्यूबाट प्रतिनिधी सभा विघठन गरिएको थियो त्यसका विरुद्धमा सम्मानीत सर्वोच्च अदालतमा रिट दायर भैसके पश्चात २०५२ साल भदौ २४ गते तत्कालिन अवस्थाको प्रतिनिधी सभा पुन: स्थापित भएको थियो र त्यो पुन स्थापित हुदै गर्दा खेरी त्यो पुनस्थापनाको सर्वोच्चको निर्णय प्रति विमति देखाएका नेताहरु सडकमा विमति देखाएर स्वर उठाउने नेताहरु हाम्रा अगाडी झलझल्ती २४ बर्ष अगाडीका ती घटनाहरुबाट हामी विमुख भएका छैनौ नेपालको राजनिति पनि विमुख भएको छैन । २०६४ को संविधान सभा निर्वाचन २०६४ को संविधान सभाको म्यान्डेट थियो जनताले दिएको तत्कालिन अवस्थाको संविधान सभालाई २ बर्ष भित्र नेपाली जनताले चाहे अनुसार जनप्रतिनिधी मार्फत संविधान ल्याउनुस भनेर ल्याउन सकेनौ २ बर्ष फेरी समयावधि थप्यौ तत्कालिन अवस्थाको समयलाई हामीले सुधार गरेर ४ बर्ष सम्म पनि जनप्रतिनिधीमुलक जनताको सर्वोच्च निकाय संविधान सभाले संविधान नदिइसक्दा खेरी आफुलाइ आफ्नो अयोग्यता प्रमाणित गरिकन निर्वाचन सम्म गर्न सक्ने कादिरता आफुमा नभएको कुरा प्रमाणित गरेका घटनाहरु पनि हाम्रा अगाडी ताजै छन् र जनप्रतिनिधीको सर्वोच्च निकाय प्रतिनिधी सभाको हल अथवा संविधान सभाको हलमा उच्च राजनेताहरुले म नाम लिन चाहान्न यो व्यवस्था भनेको यो संसदीय व्यवस्था भनेको जनगणतन्त्रमा फुक्ने एउटा बाटो मात्र हो यसलाई हामी प्रयोग गरिराखेका छौ भन्ने कुराहरु केन्द्रीय संसदको रेकर्डबाट अहिले पनि हामी सुन्न सक्दछौ । यि घटनाक्रमहरुलाई माननीय सभामुख महोदय यि घटनाक्रमहरुलाई

यो हाम्रो सुदूरपश्चिमको प्रदेश सभाको बैठकमा आज मैले निबेदन गर्दै गर्दा खेरिमा के स्मरण गराउन चाहान्छु भने संविधान सभालाई मृत्यू दिने २०५१ को २०५२ को भदौ २४ गतेको सर्वोच्च अदालतको निर्णयलाई अमान्य भन्ने सडकबाट र विज्ञसीबाट ती विज्ञसी पनि अहिले सम्म ताजै छन् र सर्वोच्च निकाय संविधान सभामा सम्बोधन गर्दैगर्दा अथवा २०७२ को प्रतिनिधी सभाको बैठकमा सम्बोधन गर्दै गर्दा खेरि यो सभा भनेको जनगणतन्त्रमा जाने प्रयोग गर्ने उपयोगिताको बाटो हो भन्ने भनाइ पनि यि हाम्रा अगाडी डिलिट भएका छैनन विसरित भएका छैनन । ति राजनितिक पृष्ठभूमि भएका ती राजनितिक अभिव्यक्ति दिने राजनेताहरुले अथवा ती पार्टीहरुले त अथवा ती व्यक्तिहरुले त सार्वजनिक रुपमा पुष ५ गतेको जुन संसदलाई मृत्यू दिने संसदलाई कोमामा पुर्याउने जुन हाम्रो मुलुकका सम्माननीय प्रधानमन्त्रीज्यूको निर्णय थियो त्यसका विरुद्धमा अस्थि मात्र ११ गते जुन सम्मानीत सर्वोच्च अदालतले जुन निर्णय गरेको छ उहाहरुले त खुशी मनाउनु भो उहाहरुले त बधाई साटासाट गर्नु भो उहाहरुले त यो सबैको जीत हो भन्नु भो भने म प्रदेश सभाको संसद आफ्नो प्रदेश सभाको यो गरिमामय बैठकमा यो विशेष समयमा बोल्दै गर्दा खेरि म संविधानको वाद मान्ने पार्टीको कार्यकर्ता म संसदवाद मान्ने कार्यकर्ता म विल्कुलै हसित छु खुशी छु र सम्नीत सर्वोच्च अदालतका ती न्यमूर्तिहरुलाई हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु र सबैलाई बधाई पनि दिन चाहान्छु । यति भन्दै गर्दा खेरी मेरो मनमा एउटा के लागेको छ भने हामी जनप्रतिनिधी हुनु भन्दा अगाडी नेपालका नागरिक पनि हु नेपालका नागरिकको बीचमा समाजमा आफ्ना सचेत नागरिकको रुपमा राजनितिक र सामाजिक कार्यकर्ताका रुपमा क्रियासिल गराई राखेका छौ र हिजो मैले एउटा समाचार सुने ३ महिना सम्म प्रतिनिधी सभाका २७५ जना सांसदहरुले तलब पाउने ३ महिना सम्म हामीले सडकमा जिन्दावाद र मुर्दावादका नारा लायौ र जिन्दावाद र मुर्दावादका नारा लगाए बापत प्रत्येक दिन तीन हजार रुपैया राज्यकोषबाट तलब पाइने जनप्रतिनिधीका रुपमा नाम लेखाउने संसार संसदीय व्यवस्थाको अभ्यासमा रहेको यो पनि पहिलो मुलुक ठहरिने छ यो कारण यो कुरा जनताको पक्षमा लोकतन्त्रको पक्षमा राज्यकोष प्रति उत्तरदायि र पारदर्शिताको विरुद्धमा हुन्छ भन्ने कुराहरु मलाइ लाग्दछ सभामुख महोदय,

सभामुख महोदय म सुदूरपश्चिम सरकार गठन भए लगत्तै सुदूरपश्चिमको हाम्रो मुख्यमन्त्रीज्यूले एउटा महत्वपूर्ण घोषणा गर्नु भएको थियो त्यो घोषणा मध्यको एउटा महत्वपूर्ण घोषणा सुदूरपश्चिमका कुनै पनि नागरिकले अबको १ बर्ष पश्चात मजदुरी गरेर जिविकोपार्जन गर्नको लागि भारतमा जानु पर्ने छैन भनेर र आज उहाको नेतृत्वको सरकार तीन बर्ष कार्यकाल पुरा हुदै गर्दा खेरी रोगका कारण गत बर्ष चैत्र ११ गतेको कोरोना महामारीबाट रोगको पिडाका कारण रोएर सुदूरपश्चिमका हरेक नाकाबाट भारतमा मजदुरी गरेर खाने सुदूरपश्चिमवासि दाजुभाइ तथा दिदि बहिनीहरु यस्तो कहाली लाग्दो अवस्थामा वारी आफ्नो आमा वितेको छ पारी क्रिया गर्ने अवस्था आयो । बनबासाको आपको बगैचामा रुपालबाट मजदुरी गर्न गएको एउटा महिला बच्चा जन्माउनु पर्ने अवस्था आयो र यही नजिकको मुख्यमन्त्रीज्यूको जहा निवास छ जहा कार्यालय छ त्यहाबाट हिडेर १५ मिनेटमा पुग्ने दुरीमा पानी नपाएर छटपटाइ राखेका ती सुदूरपश्चिमका दाजुभाइ तथा दिदिबहिनीहरु हामी रोगले मर्न तयार छौ तर आफ्नै भूमिमा मरु भनेर चिच्याइराखेका थिए र जेन तेन स्थानीय सरकार यहाका सामाजिक संघ संस्था, यहाका पत्रकारहरुको

संस्था, यहाका व्यापारिहरुका संस्थालाई उहाहरुलाई सहयोग गरिकन आफ्नो घरमा आफ्नो दैलोमा आफ्नो आगनमा पुर्याउने पहल गरे तत्कालिन अवस्थामा पनि निरन्तर संसदमा रहेका हरेक पार्टीका प्रदेश सभाका माननीयज्यूहरु निरन्तर सरकारलाई घचघच्याइ रहेका थिए तर सरकार चिर निद्रामा थियो सुदूरपश्चिमको सरकार तर त्यो रोगको पिडाबाट आफ्नो आगनमा पुगेका, आफ्नो आमा बस्ने ठाउँमा पुगेका, आफ्नो श्रीमति बस्ने ठाउँमा पुगेका, आफ्ना बालबच्चा बस्ने ठाउँमा पुगेका, आफ्ना दिदि बहिनी बस्ने ठाउँमा पुगेका ती सुदूरपश्चिमका दाजुभाइ दिदी बहिनीहरु १ बर्ष नपुग्दै म रोगले भन्दा भोकले मरिने भो म मात्र मर्ने भएन मेरा कारणले मेरो जुन बेरोजगारी छुटिएको छ मेरा घरका सबै मान्छेहरु मर्ने भए भनेर आज रोग भन्दा भोकको पिडा बढ्ता ठानेर रोएर दैनिक सुदूरपश्चिमका महत्वपूर्ण नाकाबाट गैरहेका छन् हाम्रो सुदूरपश्चिम प्रदेश सरकार चिर निद्रामा छ र म प्रश्न गर्न चाहान्छु ।

**माननीय सदस्यहरु,**

अब, **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कारबाही शुरु हुन्छ।

**माननीय सदस्यहरू,**

**"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

सभामुख महोदय, सामाजिक विकास समितिमा दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत भएको **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ” भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि सामाजिक विकास समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन

सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

**माननीय सदस्यहरू,**

अब, **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा सामाजिक विकास समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**माननीय मना कुमारी साउँद**

माननीय सभामुखज्यू प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक समितिबाट छलफल र मन्त्रालयबाट यो पारित गर्ने सन्दर्भमा छौ हामी र जुन यो बालबालिका सम्बन्धी बनेको विधेयक ल्याउनु हुने सामाजिक विकास मन्त्रीज्यूलाई विशेष गरि धन्यवाद दिन चाहान्छु र दवाफार छलफल भैसकेपछि यसलाई पारित गर्ने सन्दर्भमा विभिन्न ठाउँमा बाल श्रममा परेका बालबालिका र बालबालिकाहरुलाई अहिलेको परिवेशमा झनै विशेष गरि त बालिकाहरु अहिले हरेक ठाउँमा एउटा अधिकार पाएको महसुस गरेका छैनन एउटा असुरक्षित महसुस गरिरहेका छन् र त्यही किसिमको बातावरण छ । साहेद मलाई लाग्छ यो विधेयक आइसकेपछि अब साच्चीकै श्रम सोषणमा परेका बालबालिकाहरु र अबको दिनमा यो विधेयक पारित भैसकेपछि साच्चीकै अधिकार पाएको प्रत्याभुति गर्ने छन् र हरेक ठाउँमा स्वास्थ्य शिक्षा र प्रत्येक ठाउँमा अहिले होटेल र घरमा पढाइदिन्छु भनेर विभिन्न ठाउँमा बालबालिकाहरुलाई त्यो किसिमले बाल शोषण गरिएको अवस्था छ । साहेद मलाई लाग्छ अब यो विधेयक आइसकेपछि अब साच्चीकै सम्पूर्ण हाम्रा प्रदेश वासि बालबालिकाहरुले आफ्ना आफ्नो अधिकारको सुरक्षाको महसुस गर्न पाउँने छन् र सम्पूर्ण बालबालिकाहरुको मौलिक हक अधिकारको सुनिश्चित हुने छ र सामाजिक विकास समितिमा घनिभुत ढंगले छलफल बहस भएर आइसकेको छ र साच्चीकै हाम्रो समाजका एउटा अभिन्न अंग र भविष्यका कर्णदार बालबालिकाको लागि महत्वपूर्ण यो एउटा विधेयक आएको छ यो विधेयकलाई जुन कानून बनेको छ कानूनलाई कार्यान्वयन गर्नको लागि जुन प्रदेश सरकारले यो विधेयक ल्याएको छ अब यो विधेयक ल्याएर साच्चीकै सम्पूर्ण बालबालिकाहरुले आफ्नो शिक्षा र आफ्नो सुरक्षाको र मौलिक हकको अधिकारको महसुस गर्नेछन् भन्ने कुरा पनि मलाई विश्वास लागि रहेको छ र अब कुनै पनि बालबालिकाहरु होटेलमा र विद्यालयबाट घर जादा कुनै बाटोमा हिड्दा असुरक्षाको महसुस गर्ने छैनन् । एउटा बालबालिकाको लागि सहार्दपूर्ण बातावरण हाम्रो समाजमा बन्ने छ घर देखि विद्यालय हरेक ठाउँमा अधिकार पाएको प्रत्याभूति गर्ने छन् भन्ने मलाई यो विधेयक पारित भैसके पछि भन्ने मलाई विश्वास लागेको छ र महत्वपूर्ण विधेयक अहिले ढीलै आए पनि महत्वपूर्ण विधेयक आएको छ यो विधेयकलाई छिटो भन्दा छिटो पास गरेर कार्यान्वयनमा जाने छ भन्ने कुराहरु राख्दै हाम्रो सामाजिक विकास

मन्त्रीज्यूलाई विशेष गरि सामाजिक विकास समितिका सम्पूर्ण साथिहरुलाई माननीयज्यूहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी**

सभामुख महोदय, खुशि छु खुशी लाग्यो म अलिकति यसलाई फरक ढंगले फरक विषयमा सभामुखज्यूको अनुमतिले थोरै समय भए पनि म जान चाहान्छु मैले एउटा सानो कविता बनाएको छु असल पात्र भनेर बधाई छ न्यायालयलाई ऐतिहासिक फैसला गरि आफ्नो निश्पक्षता र स्वतन्त्रताको सीर उच्च बनायौ, बधाई छ तिमि कानून विद्हरुलाई संविधान रक्षाको पक्षमा कानूनी सुझाव दिलायौ, बधाई छ तिमि नागरिक समाजलाई सडकमा प्रतिगमन विरुद्ध आवाज उठायौ बधाई छ तिमि पत्रकारहरुलाई लोकतन्त्रको पक्षमा आफ्नो कलम चलायौ । बधाई छ तिमि राजनितिक विश्लेषकहरुलाई राजनिति प्रति गहिरो चिन्तन गरायौ बधाई छ तिमि राजनितिक दलहरुलाई संसद पुनस्थापनाको पक्षमा आफ्नो दललाई उभ्यायौ । सभामुख महोदय, यो आजको यो प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक ६ महिनासम्म करिब करिब ७ महिना सम्म कोरोना लागेर समितिमा थन्केको थियो वा एक एक अक्षर कहा गल्ती छ कमजोरी छ पत्ता लगाएर यति लामो समयसम्म दफावार छलफल गरेर माननीय मन्त्रीज्यू र समितिका सभापतिज्यूले चाहि दफावार छलफल पछि फेरी सामान्य छलफलको लागि पेश गर्नु भएको छ यो सारै गम्भिर विषय र सम्बेदनशिल विषयको पक्षमा हामी यो कानून बनाउदै छौ । जो चाहि यो राष्ट्रको खम्बा हुन त्यस कारण म फेरी पनि अलिकति कवितामै लैजान चाहान्छु सभामुख महोदय, अनाथ छु असहाय छु सक्छौ भने सहारा देउ अनाथ छु असहाय छु सक्छौ भने सहारा देउ दुख होइन पिडा होइन स्वतन्त्र रुपले बाच्न देउ, आज छु सानो भोली त फुल फुल्ने नै छु नटिप मलाई कलिलैमा भोली फक्रि बास्ना दिने नै छु । गरीब छु कमजोर छु सक्छौ भने शिक्षा देउ करिव छु कमजोर छु सक्छौ भने शिक्षा देउ कामदार होइन सोषण होइन बढ्न चाहान्छु बढ्न देउ, आज छु सानो कोपिला भोली त फुल फुल्ने नै छु नटिप मलाई कलिलैमा भोली फक्रि बास्ना दिने नै छु । नगर विक्रि सानो छु नगर बाल यौन दुरब्यवहार सक्छौ भने उदार देउ नगर विक्रि सानो छु नगर बाल यौ दुर्व्यवहार सक्छौ भने उदार देउ धुम्रपान होइन मद्यपान होइन स्वस्थ भइ जिउन देउ । आज छु सानो कोपिला भोली त फुल फुल्ने नै छु नटिप मलाई कलिलैमा भोली फक्रि बास्ना दिने नै छु । यो भनाई आम देशका बालबालिकाको हो र हाम्रो सुदूरपश्चिम प्रदेश भित्र रहेका बालबालिकाहरुको पनि हो । हाम्रो देश नेपालमा जसलाई हामीले राष्ट्रका खम्बा भन्छौ आज उनिहरुको अवस्था दयनिय छ सभामुख महोदय हाम्रो प्रदेशले यो कानून बनाउदै छ सम्भवत आजै पास हुन्छ होला यो कानून बनिसकेपछि हाम्रो प्रदेशमा नमूना यो प्रदेशको सरकारले काम गर्नु पर्छ । उदाहरणीय काम गर्नु पर्छ सडकमा कुनै पनि बालबालिका अब देखु हुदैन यो हिम्मत माननीय मुख्यमन्त्रीज्यू र हाम्रो प्रदेश सरकारलाई हुनु पर्छ । कुनै पनि बालबालिका होटलहरुमा ईट्टा भट्टाहरुमा काम गर्नु पर्दैन यो हिम्मत अब प्रदेश सरकारको हुनु पर्छ सभामुख महोदय, अधिंश साना नानिहरु छन् १५-१६ बर्ष उमेरका बालिकाहरुलाई बलत्कार गरिन्छ मारिन्छ कारवाही हुदैन कति विडम्बना छ हाम्रो त्यस कारणले यो प्रदेश सरकारले यो कानून बनाई सकेपछि यस्ता कुनै पनि घटना हामीले देख्न नपरोस भोग्न नपरोस सुन्न नपरोस ६ महिना भन्दा

बढी सम्म यो समितिमा छलफल भएर आएको छ यहा व्यवस्थापनका केही कमजोर पक्षहरु अवश्य पनि छन् यहाँ त्यस कारण सरकार सकिन्छ भने त्यस्ता बालबालिकाहरुको पक्षमा अझै यसलाई परिमार्जित गरेर सम्बोधन हुने गरि व्यवस्थापनको पक्षमा खासगरि सम्बोधन हुने गरी ऐन बनाउनु पर्छ यो चाहि हाम्रो सुदूरपश्चिम प्रदेश सरकारको लागि ठुलो चुनौति छ । सभामुख महोदय गम्भिर बनौ हामी हामी बालबालिकाहरुलाई हामी सुरक्षा दिन सकेनौ, उनिहरुको अधिकार प्रत्याभूति दिन सकेनौ भने, श्रम सोषणको अन्त्य गर्न सकेनौ भने बाल दुर्व्यवहार र यौन दुर्व्यवहारको अन्त्य गर्न सकेनौ भने हाम्रो प्रदेश सरकार यो संघीयताको प्रदेश सरकारको अर्थ रहदैन त्यस कारणले सभामुख महोदय हाम्रो प्रदेश सरकार यस विषयमा सारै सम्बेदनशिल बन्नु पर्छ । हुन त हाम्रो मुख्यमन्त्रीज्यूले धेरै पटक धेरै ठाउँमा भाषण त गर्नु हुन्छ म यो गर्छु त्यो गर्छु भन्नु हुन्छ तर गर्नु हुन्न यो चाहि हामी तपाइको लागि सुदूरपश्चिम बासिको लागि सारै दुख हो त्यस कारण अब यस विषयमा सम्बेदनशिल भै हाम्रो सरकारले एकदमै जोडदार रुपले चाहि काम गर्नु पर्छ भन्ने शुभकामना दिदै मेरो सानो भनाई यही अन्त्य गर्छु धन्यवाद नमस्कार ।

**माननीय सदस्यहरू,**

अब म, **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

माननीय सदस्यहरू,

अब, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि आदणीय माननीयज्यूहरुबाट असाध्यौ महत्वपूर्ण सुझावहरु प्राप्त भएका छन् यो विधेयक सामाजिक समितिमा गएर यसका विभिन्न दफा उपदफाहरुमा व्यापक रुपमा छलफल गरेर हामीले यसलाई यहा प्रस्तुत गरेका छौ यसमा तै पनि कहि कतै ह्रस्स दिर्घ कहि सुधार्नु पर्नेछन र अहिले माननीयज्यूहरुले सुझाव आएको छ निर्देशक समिति बनाउनु पर्ने कुरा अनि यसको व्यवस्थापन पक्षमा कसरी यसलाई अगाडी बढाउनु पर्ने कुरामा सुझाव आएको छ यसलाई पनि सरकारले ग्रहण गर्दै यसलाई कहानिर समावेश गर्न सकिन्छ यसलाई हामी त्यतातिर पनि समावेश गर्ने छौ । हाम्रो सुदूरपश्चिममा बर्षेनी ६३ हजार बालबालिका जन्मिन्छन ६३ हजार बालबालिका यो प्रदेशमा प्रत्येक बर्ष जन्मिने र सुदूरपश्चिम मै बालबालिका माथि धेरै प्रकारका हिंसा हुने यौन हिंसाका कुरा त आइनै सक्यो हाम्रो सुदूरपश्चिम विभिन्न प्रकारले हेर्ने दृष्टिकोण अलग छ त्यस्ता कुराहरुलाई निर्मुल पार्न बाल विवाह रोक्न, सडकमा असहाय बालबालिकाहरुलाई मर्यादित रुपमा उनिहरुले जिवनयापन गर्न बाच्न पाउन हामीले यो विधेयक मार्फत उहाहरुका हरेक अधिकारलाई सुरक्षित गर्न यो विधेयक ल्याएका छौ । यसमा फरक क्षमता भएका, अपांगता भएका बालबालिकाहरुको राज्यका हरेक क्षेत्रमा पहुँच पुर्याउने उद्देश्यका साथ यो विधेयक आएको छ यसमा निश्शुल्क शिक्षाका कुराहरु छन्, निशुल्क स्वास्थ्य उपचारको कुरा छ, सम्मानका साथ

बाच्न पाउने अधिकारको कुरा छ अनि बाल दुर्व्यवहार, यौन दुर्व्यवहार र श्रम रोक्ने कुराहरु छ अनि हाम्रो प्रदेश सरकारले यो बर्षको बजेटमा पनि एउटै सृष्ट समदृष्टी छोरा छोरीमा विवेद गर्ने जुन हाम्रो प्रचलन छ त्यसलाई पनि एउटै सृष्टी दुर दृष्टीका आधारमा छोराछोरी समान हुन भन्ने उद्देश्यका साथ यो विधेयकले समेटेको छ अर्को सानै छु बढ्न देउ बाल विवाह होईन पढ्न देउ भन्ने पनि यो विधेयकले यसलाई पनि सम्बोधन गर्छ । अर्को कुरा हामी जुन हाम्रो अनाथ असहाय बालबालिका छन् त्यसका लागि बाल सुधार केन्द्रहरुको निर्माण गर्ने कुरा र हाम्रा यहा भएका असहाय अनाथहरुलाई राख्ने जुन त्यस्ता संरचना छन् त्यसको पनि सुधार गरेर सबै बालबालिकाले समान रुपमा अरुका छोराछोरी सरह बाच्न पाउने उद्देश्यको साथ यो विधेयक आएको छ त्यसमा यहाहरुले असाध्य महत्वपूर्ण सुझाव दिनु भएको छ माननीय कृष्ण बहादुर चौधरीको कविता मार्फत आएको जुन भनाई छ असाध्यौ मार्मिक छ त्यसलाई साहेद यहा सबैको मन छोयो होला त्यसैले त्यस्ता कुराहरुलाई पनि हामी अगाडी समेटेर बढ्ने छौ भन्ने कुराहरु राख्दै यो महत्वपूर्ण विधेयकमा आफ्ना अमुल्य सुझाव दिनु हुने सम्पूर्ण माननीयज्यूहरुलाई धेरै धेरै धन्यवाद दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ३९ (उनन्चालिस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ३९ (उनन्चालिस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि ५५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि ५५ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अंङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्द्धन र परिपूर्ति गर्न तथा बालबालिकाको हक हितको संरक्षण गरी बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासको लागि समयानुकुल कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन सुदूरपश्चिम प्रदेशभर तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"प्रदेश बालबालिका सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति  साल फाल्गुन १७ गते सोमबार दिउँसो ०१:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।